# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

Ref.

मिति: २०१९ मार्च ३०

## प्रेस विज्ञप्ति




नेपाल सरकारले नेपालको समृद्धिका लागि विशेष महत्वका साथ आयोजना गरेको लगानी सम्मेलनको अवसरमा गैरआवासीय नेपाली संघ र नेपाल सरकारबीच नेपाल सरकारको `**समृध्द नेपाल र सुखी नेपाली**` अभियानमा गैरआवासीय नेपालीहरुको सहभागिताका निम्ति एउटा सामुहिक लगानी कोष खडा गर्ने विषयमा एक समझदारी पत्रमा आज हस्ताक्षर भएको छ । यो लगानी कोष स्थापनाका लागि नेपालको प्रचलित कानुन अनुसार कम्पनी खडा गरिने छ र प्रारम्भिक चरणमा रु. १० अरव लगानी भित्र्याउने प्रतिवध्दता सहित समझदारी भएको छ । यस कोष मार्फत नेपाल सरकारको प्राथमिकतामा परेका आयोजना तथा समग्र नेपालीको हितमा रहने साना ठूला परियोजनाहरुमा लगानी गरिने छ । यस समझदारीको आधारमा स्थापना हुने कम्पनीले गैरआवासीय नेपाली संघको संजालको उपयोग गरी राष्ट्र निर्माणको अभियानमा समस्त गैरआवासीय नेपालीहरुलाई सहभागिताको अवसर उपलब्ध गराउने संघले प्रतिवध्दता व्यक्त गरेको छ ।

समझदारी पत्रमा नेपाल सरकारका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय उद्योग विभागका महानिर्देशक श्री विनोद प्रकाश सिंह र संघका तर्फबाट अध्यक्ष भवन भट्टले हस्ताक्षर गर्नु भएको हो ।

राष्ट्रिय महत्वको यस लगानी सम्मेलनका अवसरमा गैरआवासीय नेपाली संघको प्रस्ताव अनुसार कोष निर्माणका लागि अनुकुल वातावरण र परिस्थिति सिर्जना गरिदिने सरकारको प्रतिवद्धता साथ समझदारीमा हस्ताक्षर समेत हुन सकेकोमा गैरआवासीय नेपाली संघ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय लगायत समग्र नेपाल सरकारप्रति हार्दिक आभार प्रकट गर्दछ ।

भूषण घिमिरे
प्रवक्ता
गैरआवासीय नेपाली संघ - अन्तर्राष्ट्रिय समन्वय परिषद